# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३०७ काठमाडौं बुधबार, २३ फागुन २०८० Prabhab National Daily Wednesday, March 6, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## प्रदेशमा उथलपुथल



कर्णाली प्रदेश सरकारमा नेपाली कांग्रेसको तर्फबाट सहभागी मन्त्रीहरू मंगलबार मुख्यमन्त्री राजकुमार शर्मासमक्ष राजीनामा पेस गर्दै । *तस्बिरः रासस*

- गण्डकी र सुदूरपश्चिम प्रदेशमा कांग्रेसका मुख्यमन्त्रीहरूद्वारा माओवादी मन्त्रीहरू बर्खास्त, कर्णाली सरकारबाट कांग्रेस अलग
- लुम्बिनी र कोशीमा भने माओवादी मन्त्रीहरू यथावत्
- कांग्रेस नेतृत्वको प्रदेश सरकारहरूमा माओवादीको समर्थन कायमै

■ **जेबी योञ्जन**

**काठमाडौं–** सत्ता गठबन्धन उथलपुथल हुँदाको असर प्रदेश सरकारहरूमा परेको छ । प्रदेशहरूमा मन्त्री बर्खास्त गर्नेदेखि राजीनामा दिनेसम्म भएको छ ।

सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका मन्त्रीहरूलाई कांग्रेसका मुख्यमन्त्रीहरूले धमाधम बर्खास्त गरेका छन् । गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिम्खडा र भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेशमबहादुर जुग्जालीलाई बर्खास्त गरेका हुन् । दुवै मन्त्रालय मुख्यमन्त्रीले आफैंसँग राखेका छन् ।

सात सदस्यीय गण्डकीको मन्त्रीमण्डलमा मुख्यमन्त्रीसहित पाँचजना कांग्रेसका छन् । संघीय सरकारमा रहेका कांग्रेसका मन्त्रीहरूलाई प्रधानमन्त्री पुष्पकमल दाहालले बर्खास्त गरेपछि जवाफमा गण्डकीका मुख्यमन्त्री पाण्डेले माओवादी मन्त्रीद्वय सिम्खडा र जुग्जालीलाई बर्खास्त गरेका हुन् ।

सुदूरपश्चिममा कांग्रेसबाट मुख्यमन्त्री भएका कमलबहादुर शाहले पनि माओवादीबाट सरकारमा सहभागी दुईजना मन्त्री र एक जना राज्यमन्त्रीलाई बर्खास्त गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

### दल साना, बल ठूला

केन्द्रमा बनेको एमाले-माओवादी नेतृत्वको गठबन्धनले सातै प्रदेशमा सरकार बनाउने भएको छ । अहिले सात प्रदेशमध्ये कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा कांग्रेसको सरकार छ । बागमती र कर्णालीमा माओवादी र मधेसमा जसपा नेतृत्वको सरकार छ ।

तर, यी सबै प्रदेशमा गठबन्धन दलहरूलाई सरकार गठन गर्न साना दलहरूको साथ लिनैपर्ने बाध्यता छ । हालसम्म गठबन्धनमा नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा) निश्चित भइसकेको छ ।

(क्रमशः पृष्ठ २ मा)

बाध्यताले पुनर्मिलन

# बिरामी माधवलाई फकाउन आफैं पुगे ओली



एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको निवास कोटेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली, एमाले नेताद्वय ईश्वर पोखरेल र विष्णु पौडेललगायत । *तस्बिरः प्रधानमन्त्रीको सचिवालय*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पार्टी विभाजनसँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालीबीचको सम्बन्ध तीक्ततापूर्ण बनेको थियो । नेपालसँग आक्रोशित ओली उनको नामै लिन चाहँदैनथे । २०७९ को स्थानीय निर्वाचनअघिको चुनावी सभामा ओलीले नेपाललाई कुलंगार, अन्तर्घाती, अन्तरध्वंशीलगायत आरोप लगाउन भ्याए ।

'माधव नेपालको नाम लिएर म एकछिनपछि मुख कुल्ल गर्छु । यस्ताको नाम किन लिने ? देशका कुलंगार अन्तर्घाती, अन्तरध्वंशी हुन् । त्यस्ताको नाम किन लिने ?,' हेटौंडामा भएको चुनावीसभामा ओली चर्किएका थिए ।

एकै घरका दुई नेता सत्ताको लुछाचुडीका कारण यस्तो तीक्तता साँध्ने गरी उत्रिएका थिए । नेकपा एमाले छाडेर एकीकृत समाजवादी पार्टी गठन गरेका कारण नेपालमाथि रिस थियो । त्योमात्र हैन हुँदाखाँदाको नेकपाको सरकार ढालेर पार्टी नै तीन टुक्रा हुँदाको पीडा थियो ओलीको ।

- 'माधव नेपालको नाम लिएर म एकछिनपछि मुख कुल्ल गर्छु । यस्ताको नाम किन लिने देशका कुलंगार अन्तर्घाती, अन्तरध्वंशी हुन् । त्यस्ताको नाम किन लिने ?' हेटौंडामा भएको चुनावी सभामा ओली चर्किएका थिए ।
- झण्डै दुई वर्षपछि ओली बिरामी माधवलाई भेट्न कोटेश्वरस्थित नेपालनिवासमा ।

सत्ता जाँदा आक्रोशित ओली सत्ता पाउँदा फेरि नेपालकहाँ धाउन थालेका छन् । हरेक मञ्चहरूमा नेपालमाथि कटाक्ष गर्ने ओली एकाएक नेपालसामु झुक्नुपर्ने अवस्था किन आयो ?

एउटै कारण हो- नयाँ गठबन्धन जोगाउनु ।

कांग्रेसलाई गठबन्धनबाट निकालेर अहिले एमालेसहितको नयाँ गठबन्धन बनेको छ । नयाँ गठबन्धन बनेको केही समयमै किचलो सुरू भइसकेको छ । गृह र अर्थ मन्त्रालयमा कुरा नमिल्दा प्रधानमन्त्री दाहालले तीनजनालाई तत्कालका लागि विनाविभागीय मन्त्रीको जिम्मेवारी दिएका छन् । भागबण्डामा मात्र हैन सत्ता जोगाउने नम्बर नै नपुग्ने देखिएपछि ओली कोटेश्वरस्थित नेपाल निवास धाएका हुन् । एकीकृत समाजवादीले तत्काल सरकारमा जाने इच्छा देखाइरहेको छैन । 'प्रधानमन्त्री दाहालमात्र गए पनि हुने हो । तर उहाँलाई मात्र नमान्ला भनेर ओली पनि जानुभएको हो,' प्रधानमन्त्रीनिकट एक नेताले भने ।

मंगलबार जुटेको चार दलसँग अहिले १४१ सांसद छन् । एमालेबाट ७८ (सभामुखसहित), माओवादी केन्द्रबाट ३२, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २१ र जनता समाजवादी पार्टीबाट १२ जना सांसदको वर्तमान सरकारलाई समर्थन छ । बहुमतका लागि १३८ सांसद चाहिन्छ । रास्वपाले गृहमन्त्रीमा दाबी गर्दै गठबन्धनमा असन्तुष्टि पोखिसकेको बेला दाहाल-ओली गठबन्धनले एकीकृत समाजवादीलाई समर्थनका लागि जोड गरेको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# 'चुनावी म्यान्डेटमाथि माओवादीबाट दोस्रो धोका'

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रसँगको गठबन्धन भंग भएसँगै नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । मंगलबार पार्टी सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको उपसभापति धनराज गुरुङले जानकारी दिए । 'पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन नेपाली कांग्रेसले फिर्ता लिएको छ,' बैठकपछि गुरुङले भने ।

अघिल्लो फागुन २५ मा राष्ट्रपतिमा रामचन्द्र पौडेललाई सघाएसँगै माओवादीसँग जुटेको कांग्रेस दाहाल नेतृत्वको सरकारमा नौ जना मन्त्रीसहित सहभागी थियो । सोमबार उक्त गठबन्धन तोड्दै प्रधानमन्त्री दाहालले एमालेसँग गठजोड गरेपछि कांग्रेसले मंगलबार सरकारलाई दिएको समर्थन फिर्ता लिएको हो ।

योसँगै प्रतिनिधिसभामा पहिलो दल कांग्रेस फेरि प्रतिपक्षी दलको भूमिकामा आइपुगेको छ । कांग्रेस पहिलो दल भएकोले फेरि सत्तामा जानसक्ने सम्भावना भने उत्तिकै छ । यसबारे प्रश्न गर्दा उपसभापति गुरुङले तत्काल सत्ता परिवर्तनको खेलमा कांग्रेस नलाग्ने बताए ।




- सरकारलाई दिएको समर्थन फिर्ता
- संसद्मा सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्ने
- प्रधानमन्त्रीको पछिल्लो कदमले अस्थिरतालाई बढावा दिएको दाबी
- तत्काल सत्ता परिवर्तनको खेलमा नलाग्ने

माओवादीबाट कांग्रेसलाई दोस्रोपटक धोका भएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताउँछन् । निवर्तमान अर्थमन्त्रीसमेत रहेका महतले आफूले हरेक विषयमा प्रधानमन्त्रीलाई जानकारी दिएर मात्र काम गरेको भए पनि यसै विषयमा बहाना बनाएकोमा असन्तुष्टि पोखे । 'माओवादीले यसअघि पनि धोका दिएको थियो । यो दोस्रोपटक हो । बाहिर आएको कुरा बहानाबाजी हो । उहाँहरूबीच गठबन्धन टुटाउने खेल पहिलेदेखिकै रहेछ,' महतले भने । आफ्नो पालामा अर्थतन्त्रमा सुधारका प्रशस्त संकेतहरू देखिएको दाबी गर्दै उनले अब वैशाखमा हुन लागेको लगानी सम्मेलनको भविष्यमाथि प्रश्न गरे ।

प्रधानमन्त्री दाहालले गत निर्वाचनमा जनताले दिएको म्यान्डेट (कार्यादेश) लाई कुठाराघात गरेको कांग्रेसको निष्कर्ष रहेको छ । '२०७९ मंसिर ४ मा सम्पन्न निर्वाचनमा साझा ढंगले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको म्यान्डेटप्रति नेपाली कांग्रेस प्रतिबद्ध रहिआएको थियो । तर त्यो म्यान्डेटलाई कुठाराघात गर्दै दोस्रोपटक पनि प्रधानमन्त्री दाहाल अविश्वसनीय ढंगले अग्रसर भएपछि नेपाली कांग्रेस सहमत रहन सक्ने र विश्वास राख्न सक्ने स्थिति रहेन,' कांग्रेसको आधिकारिक निर्णयमा भनिएको छ ।

प्रधानमन्त्रीको पछिल्लो कदमले अस्थिरतालाई बढावा दिएको कांग्रेसले दाबी गरेको छ । गठबन्धन भत्किएको घटनालाई कांग्रेसले गम्भीर रूपमा लिएकोसमेत निर्णयमा उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# घरेलु श्रमिक लैजान युएईले पठायो सम्झौताको मस्यौदा

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले संयुक्त अरब इमिरेट्स (युएई)बाट घरेलु श्रमिक पठाउन माग गर्दै आवश्यक सम्झौताको मस्यौदा आएको जनाएको छ । अन्य क्षेत्रमा द्विपक्षीय सम्झौतामार्फत नै श्रमिक पठाइरहेको नेपालले घरेलु श्रमिक पठाउने सम्बन्धमा विभिन्न सर्तसहितको सम्झौता हुनुपर्नेमा जोड दिएपछि युएईबाट सम्झौताका लागि आवश्यक मस्यौदा आएको मन्त्रालयले जानकारी दिएको छ ।

घरेलु श्रमिकका सम्बन्धमा युएईमा गत फेब्रुअरी १२ अर्थात् माघ २९ गते भएको 'अबुधाबी डायलग'मा नेपाली अधिकारीहरूसँगको छलफलपश्चात् युएईले आवश्यक सम्झौताकका लागि तयार रहेको सन्देशस्वरूप मस्यौदा पठाएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजिव पोखरेलले बताए । उनका अनुसार उक्त डायलगमा सुरक्षाको ग्यारेन्टी गर्ने विश्वास दिलाउँदै युएईले नेपालबाट घरेलु श्रमिक पठाउने बाटो खुला गर्न आग्रह गरेको थियो ।

युएईले पठाएको मस्यौदामा के-कस्ता विषय समेटिएका छन् भन्नेबारे तत्काल प्रतिक्रिया दिन नमिल्ने प्रवक्ता पोखरेलले बताए । 'अहिले घरेलु श्रमिक पठाउन आवश्यक सम्झौता गरौं भन्ने प्रस्तावसहित मस्यौदा आएको छ,' उनले भने, 'अध्ययनकै चरणमा छौं, सम्झौताका लागि सर्तसहितको जवाफ पठाउनेछौं, दुवै पक्षको सहमति नभएसम्म कुनै प्रतिक्रिया दिन सकिँदैन ।' तर घरेलु श्रमिकका लागि आधारभूत पारिश्रमिक, सामाजिक सुरक्षा, बिमालगायत विभिन्न सेवासुविधाको ग्यारेन्टी हुनुपर्नेमा सरकार प्रस्ट रहेको प्रवक्ता पोखरेलले बताए ।



अबुधाबी डायलगकै क्रममा नेपाली अधिकारीहरूले रोजगारीपूर्व नै रोजगारदाताकै खर्चमा घरेलु श्रमिकलाई भाषा र सीपको अनिवार्य तालिम दिनुपर्ने, घरेलु कामदार भर्ना खर्च व्यहोर्नुपर्ने, मासिक रूपमा न्यूनतम ज्याला ४०० अमेरिकी डलर अर्थात् करिब ५० हजार रूपैयाँ तोकिनुपर्ने, बस्नका लागि होस्टलको व्यवस्था गर्नुपर्ने, ओभरटाइम काम गरेबापत छुट्टै पारिश्रमिक दिनुपर्ने, २४ घण्टे बिमाको व्यवस्था हुनुपर्ने, सामाजिक सुरक्षामा संलग्न गराउनुपर्ने र आराम गर्न पाउने व्यवस्थाको सुनिश्चितता हुनुपर्नेजस्ता सर्त समेटेर छुट्टै सम्झौता गर्नुपर्ने प्रस्ताव राखेका थिए ।

नेपाली पक्षको प्रस्तावलाई सकारात्मक रूपमा लिएको युएईले अबुधाबी डायलगको एक महिनाभित्रै घरेलु कामदारको हक अधिकार तथा सेवासुविधाको विषयलाई महत्त्व दिँदै सम्झौताको मस्यौदा पठाएको मन्त्रालयले जनाएको छ । युएईले यसअघि पनि नेपालबाट घरेलु कामदार पठाउन आग्रह गर्दै आएको थियो । पछिल्लो समय गत जेठमा नेपाल-युएईबीच भएको श्रम सम्झौता नवीकरणका क्रममा पनि युएईले नेपालबाट घरेलु श्रमिक पठाउने बाटो खुला गर्न आग्रह गरेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

## रूसी सेनामा पठाउने धन्दामा संलग्न महिला पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि 'सेटिङ' मिलाई 'भिजिट भिसा'मा रसिया पठाएर रकम ठगी गरेको अभियोगमा एक जना महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा लमजुङ दूधपोखरी गाउँपालिका-१ घर भई हाल काठमाडौं टोखा बस्ने विनिता गुरुङ रहेकी छन् ।

रुसी सेनामा तीन लाख रूपैयाँ तलबमा काम लगाइदिने प्रलोभनमा पारी गुरुङले भीमबहादुर बुढालाई रसिया पठाई तीन लाख ४६ हजार रूपैयाँ र एक हजार डलर लिएको प्रहरी अनुसन्धानबाट खुलेको छ । एसएलसी अनुत्तीर्ण बुढालाई भिजिट भिसामा चाहिने सर्टिफिकेटलगायतका कागजात बनाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेटिङ मिलाएर रसिया पठाएको प्रहरीले उल्लेख गरेको छ । बुढालाई नक्कली कागजातका कारण रसिया पुगे पनि यहाँको एयरपोर्टबाट फिर्ता पठाएको थियो ।

यसरी फिर्ता भएका बुढाले आफू ठगीमा परेको भन्दै वैदेशिक रोजगार विभागमा उजुरी गरेका थिए । उनकै उजुरीको आधारमा गुरुङलाई बानियाटारबाट प्रहरीले पक्राउ गरेको हो । गुरुङलाई पक्राउपश्चात थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




पृष्ठ १ बाट क्रमशः

## प्रदेशमा उथलपुथल...

बर्खास्त हुनेमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेश धामी, सामाजिक विकासमन्त्री झपट साउद र उद्योग राज्यमन्त्री गीतादेवी माल रहेका छन् ।

कोशीका मुख्यमन्त्री केदार कार्कीले भने माओवादीका मन्त्रीहरूलाई हटाएका छैनन् । कार्कीको त्यहाँ राजीनामा माग भइसकेको छ । राजीनामा माग्ने दलहरू एमाले र माओवादी हुन् ।

कर्णाली प्रदेश सरकारबाट भने कांग्रेस अलग भएको छ । कांग्रेसका तीनजना मन्त्रीले सामूहिक राजीनामा दिएका छन् । त्यहाँ माओवादी नेतृत्वको सरकार छ । राजीनामा दिनेमा आर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंह, सामाजिक विकासमन्त्री खड्गबहादुर पोखरेल र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कृष्णकुमार बिसी रहेका छन् । माओवादीबाट मुख्यमन्त्री भएका राजकुमार शर्मालाई दिएको समर्थन पनि फिर्ता लिएको उनीहरूले पत्रकार सम्मेलनमार्फत जानकारी गराएका छन् ।

बागमती प्रदेश सरकारमा रहेका कांग्रेसका मन्त्रीहरूले भने राजीनामा दिएका छैनन् । लुम्बिनी प्रदेश र मधेस प्रदेशका कांग्रेस मन्त्रीहरूले पनि राजीनामा दिएका छैनन् । जबकि, संघीय सरकारबाट समेत कांग्रेसले प्रधानमन्त्री दाहाललाई दिएको समर्थन फिर्ता लिएको छ ।

कांग्रेस सहमहामन्त्री जीवन परियारका अनुसार गठबन्धन अदलबदल भएपछि सरकारलाई समर्थन दिइराख्नु जरुरी नभएको बताए । 'पाँच वर्षसम्म गठबन्धन कायम राख्न हामी तयार थियौं तर प्रधानमन्त्रीले गठबन्धन टुटाउनुभयो । यसपछि हामीलाई सरकारलाई दिएको समर्थन फिर्ता लिन उचित ठान्यौं,' उनले प्रभावसँग भने ।

संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि कांग्रेस अझै मधेस र बागमती सरकारबाट न अलग भएको छ, न समर्थन फिर्ता नै । अनिर्णित अवस्थामा कांग्रेस छ । कांग्रेस नेतृत्वकै लुम्बिनी सरकारले भने माओवादी मन्त्रीहरूलाई बर्खास्त गरेका छैनन् । र, गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले आफ्ना दुई मन्त्रीलाई बर्खास्त गर्दा पनि सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन ।

त्यहाँका माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानले भने छिट्टै समर्थन फिर्ता लिने बताए । 'अब हामीले समर्थन फिर्ता लिने नै हो । तर, समर्थन फिर्ता लिनुअघि अन्य दलसँग पनि हामी सल्लाहमा छौं ।'

माओवादी केन्द्रले सुदूरपश्चिममा पनि समर्थन फिर्ता लिएको छैन ।

टुंगो लागेको छैन ।

प्रधानमन्त्री पुष्पकमल दाहालसँगै एमाले अध्यक्ष केपी शर्मा ओलीले भने एकीकृत समाजवादीलाई गठबन्धनमा समाहित गर्न उक्त दलका अध्यक्ष माधवकुमार नेपालसँग मंगलबार साँझ भेटवार्ता गरेका छन् । नेपाल गठबन्धन आबद्ध हुन सकारात्मक छन् । त्यस्तो सर्त पनि उनको केही छैन । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने गठबन्धनमा सहभागी हुन मधेस प्रदेश सरकारको नेतृत्वलाई सर्त बनाएका छन् । यसबारे गठबन्धन दलहरूले कुनै प्रतिक्रिया जनाएका छैनन् । जनमतका सचिव डा. चन्दन सिंहले मधेसमा मुख्यमन्त्री नपाए सरकारलाई दिएको समर्थन फिर्ता लिने बताए ।

नागरिक उन्मुक्ति पार्टीले पनि सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री आफ्नो दलले पाउनुपर्ने अडान राखेको छ । सोमबार साँझ गठबन्धन दलहरूको बैठकपछि बाहिरिने क्रममा दलका अध्यक्ष रेशमलाल चौधरीले थारु विद्रोहबाट स्थापित दल भएकोले त्यहाँ थारु नै मुख्यमन्त्री हुनुपर्ने बताएका थिए । यहाँ रेशम नेतृत्वको दल सरकार गठनका लागि निर्णायक भएका कारण नयाँ गठबन्धनले यो दललाई जसरी पनि समेट्नुपर्ने भएको छ ।

यता मधेसमा भने एकीकृत समाजवादी निर्णायक छ । सात सांसद रहेको एकीकृत समाजवादीलाई समेटिएन भने त्यहाँ गठबन्धनको सरकार बन्दैन । त्यसकारण मधेसको सन्दर्भमा एकीकृत समाजवादीलाई जसरी पनि गठबन्धनमा समेट्नुपर्ने बाध्यता छ ।

यहाँ जनमत पार्टीका १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नौ र एकीकृत समाजवादीका सात सांसद छन् । नेपाली कांग्रेससहित बनेको सरकारका अहिलेका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनुपर्ने हुन्छ । लोसपा वा एकीकृत समाजवादी गठबन्धनमा नआई मधेसमा नयाँ सरकार बन्नसक्ने अवस्था छैन ।

बागमतीमा पनि गठबन्धन सरकार गठन गर्न एकीकृत समाजवादी महत्त्वपूर्ण छ । ५६ सांसदको समर्थन सरकार गठनका लागि आवश्यक हुनेमा एमालेको २७ र माओवादीको २१ गरी ४८ सिट छ । यहाँ एकीकृत समाजवादीका सातजना सांसद छन् । सरकार गठनका लागि एक सिट पुग्दैन । यस्तो अवस्थामा एकीकृत समाजवादीसँगै हाम्रो नेपाली पार्टीलाई पनि गठबन्धनमा समेट्नुपर्ने छ ।

सरकार गठन गर्न ३१ सांसद आवश्यक हुने गण्डकीमा एमालेसँग २२ र माओवादीसँग सभामुखसहित आठ सांसद छन् । यहाँ सरकार गठनका लागि यी दुई दलसँग पर्याप्त बहुमत छैन । यसकारण एक सिट रहेको एकीकृत समाजवादी र दुई सिट रहेको राप्रपा सरकार गठनका लागि महत्त्वपूर्ण छन् ।

४४ सांसदको समर्थन हुँदा सरकार गठन हुने लुम्बिनीमा पनि एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) जस्ता साना दलको अनिवार्यता हुने देखिएको छ । त्यहाँ एमालेका २९, माओवादीका ११ र जसपाका तीनसहित ४३ सांसद छन् । नागरिक उन्मुक्तिका चारजना छन् । एकीकृत समाजवादीका एक जना सांसद छन् । यसले गर्दा यहाँ पनि यी दुई साना दलको आवश्यकता गठबन्धनलाई परेको छ ।

२७ सांसदको समर्थनले सरकार बन्ने सुदूरपश्चिम प्रदेशमा पनि साना दलको आवश्यकता देखिएको छ । त्यहाँ माओवादीको सभामुखसहित ११, एमालेको १० जना सांसद रहेकाले सात सिट रहेको नाउपा र चार सिट रहेको एकीकृत समाजवादीलाई समेट्नुपर्ने देखिएको छ । नभए यहाँ गठबन्धन सरकार असम्भव छ ।

■■■

## बिरामी माधवलाई...

एकीकृत समाजवादीसँग १० सांसद छन् । नेपालले समर्थन जनाए रास्वपाले गठबन्धनलाई अप्ठेरोमा पार्न नसक्ने बुझाइ ओली-दाहालमा देखिएको छ ।

## रास्वपाको अडान कायमै

नवगठित सत्ता गठबन्धनमा मन्त्रालय भागबण्डा मिलाउन रास्वपाले सरकारमा उपप्रधानसहित गृहमन्त्रीको दाबी छाडेको छैन । तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफूलाई नै यो मन्त्रालय कायम गर्न माग गर्दै मंगलबार बालकोट पुगे । रास्वपाले यो माग पूरा नगरे कांग्रेससँग गठबन्धन गर्ने संकेत गरेको छ ।

रास्वपाका नेताहरूले कांग्रेसले सभापति रवि लामिछानेलाई प्रधानमन्त्रीको अफर गरेको दाबी गरेका छन् । कांग्रेस संस्थापनइतरका नेताहरू लामिछानेलाई प्रधानमन्त्री दिएर भए पनि दाहालसँग बदला लिनुपर्ने बताउँछन् । 'दाहालले पटक-पटक धोका दिइसकेका छन् । त्यसैले लामिछानेलाई प्रधानमन्त्री बनाएर भए पनि बदला लिनुपर्छ,' डा. शेखर कोइराला निकट नेता बताउँछन् ।

रास्वपाको अडानी नियन्त्रणबाट फुत्कन प्रधानमन्त्री दाहाल र ओली नेपालकहाँ पुगेका प्रस्ट देखिन्छ । यतिमात्र हैन दाहाल-ओलीले छ सांसद भएको जनमत पार्टी र चार सांसद भएको नागरिक उन्मुक्तिकोसमेत समर्थन खोजेको छ । तर जनमतले मधेस प्रदेशमा र नागरिक उन्मुक्तिले सुदूरपश्चिममा मुख्यमन्त्री मागेका छन् ।

■■■

## चुनावी म्यान्डेटमाथि...

'कार्यसम्पादन समितिको यो बैठक यो घटनालाई गम्भीर ढंगले लिँदै संसद्मा प्रतिपक्षको भूमिका सशक्त र प्रभावकारी ढंगले निभाउने निर्णय गर्दछ,' कांग्रेस मुख्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

महामन्त्री विश्वप्रकाश शर्माले संविधानको रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति प्रदान गर्दै नागरिक पंक्तिमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समयमा गठबन्धन नियोजित ढंगले भत्काइएको निष्कर्ष बैठकले निकालेको जानकारी दिए । प्रधानमन्त्री दाहालको यो कदमले अन्योल र अस्थिरतालाई बढावा दिएको कांग्रेसको ठम्म्याइ छ ।

■■■

## घरेलु श्रमिक...

नेपाल सरकारले २०७२ सालदेखि संसद्को तत्कालीन अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको निर्देशनअनुसार मलेसिया तथा खाडी मुलुकमा घरेलु कामदार पठाउन बन्देज लगाएको छ । त्यसयता सरकारले नेपालबाट घरेलु श्रमिक लैजान इच्छुक मुलुकमा श्रमिकको सेवा, सर्त, सुविधासम्बन्धी छुट्टै कानुनी व्यवस्था हुनुपर्ने र सोहीअनुरूप सम्झौता गर्नुपर्ने अडान राख्दै आएको छ ।

गन्तव्य मुलुकहरू कतार, साउदी अरेबिया, कुवेत, बहराइन र ओमानले लामो समयदेखि नेपालबाट घरेलु कामदार खुला गर्न माग गर्दै आइरहेका छन् । सरकारले जोर्डन र इजरायलमा भने जिटुजी सम्झौतामार्फत घरेलु कामदार पठाउँदै आएको छ ।

■■■

## दल साना...

नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र लोसपाको गठबन्धनमा

# एमाले मुख्य सचेतकमा बर्तौला, सचेतकमा बराल



**काठमाडौं (प्रस)–** नेकपा एमाले संसदीय दलको मुख्य सचेतकमा महेश बर्तौला चयन भएका छन् । एमाले अध्यक्ष एवं संसदीय दलका नेता केपी शर्मा ओलीले मंगलबार उनलाई उक्त जिम्मेवारी दिएका हुन् ।

यसैगरी सचेतकमा सुनिता बराल चयन भएकी छन् । यसअघि सचेतक रहेका बर्तौलाको स्थानमा बराललाई जिम्मेवारी दिइएको हो ।

बर्तौलाले भने यसअघि प्रमुख सचेतक रहेका पदम गिरी सोमबार नवगठित मन्त्रिपरिषद्मा मन्त्री नियुक्त भएपछि उनको स्थानमा जिम्मेवारी पाएका हुन् ।


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Manager-1((F/M)
1. Documentation-1(F/M)
1. Receptionist-1((F/M)

नोटः +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/११/२३**

यस कम्पनीको मिति २०८०/११/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दमौली मेगा एजुकेशन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **अरोरा एजुकेशन फाउण्डेशन प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/११/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अरोरा एजुकेशन फाउण्डेशन प्रा.लि.** (**प्रा.लि.नं.१६०००६**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Imdadat al-Ata for Trading and Contracting

पूर्व स्वीकृति मिति : २०८०/११/२२ LT. No. 301155 चलानी नं. ६०१७१४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 22 | 0 | 1000 | ३५३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Raj Group Of Company Pvt.Ltd.
श्रम ईजाजत न .१२४५/०७३/०७४
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## कतारमा रोजगार THE DECORATIVE INNOVATORS

पुर्व स्विकृति मितिः 2023.12.08 चलानी नं. ६०२११११३८ LT No. 296038

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | काममा दक्ष | 1100 | 40083 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०८० फागुन ३० गते (13 March. 2024) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Top Social Trading Contracting and Services W.L.L

पूर्व स्वीकृति मिति २०८०/११/२२ LT. No. 301191 चलानी नं. ६०३१६००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९१,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR | 4 | 0 | 1000 | ३६,४३४ | | | | | | | |
| 3 | MASON | 2 | 0 | 1200 | ४३,७२१ | | | | | | | |
| 4 | PAINTER | 2 | 0 | 1200 | ४३,७२१ | | | | | | | |
| 5 | PLUMBER | 2 | 0 | 1200 | ४३,७२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-HASHMIA REAL ESTATE CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/११ /२२ LT No : 301084 चलानी नं ६०२१५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 3 | 0 | 110 | ४७,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 2 | 0 | 100 | ४३,१३० | | | | | | | |
| 3 | Housekeeping Helper | 0 | 2 | 110 | ४७,४४५ | | | | | | | |
| 4 | Production Worker | 4 | 0 | 110 | ४७,४४५ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६४,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAED BUILDING SECURITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/११/03 LT. No. 300051 चलानी नं. ६०२१४९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (PSBD) | 35 | 0 | 2000 | ७२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEA STOP

पूर्व स्वीकृति मिति २०८०/११/२२ LT. No. 301085 चलानी नं. ६०२१५९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ५४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६२,००० | | | | | | | |
| 3 | General Clean Worker | 3 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 4 | Juice Maker | 3 | 0 | 1500 | ५४,६७० | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1500 | ५४,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९५४/०६७/६८
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मितिः२०८०/११/२३ गते

यस कार्यालयबाट मिति २०८०/१०/१५ गते www.bolpatra.gov.np/egp तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम देहायका कार्य गर्नको लागी रित पुर्वक दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाता न्युनतम मुल्याङकनमा सारभुत रुपमा प्रभावकारी भई यस कार्यालयको मिति २०८०/११/२१ गतेको मुल्याङकन समितिको निर्णयअनुसार स्वीकृतको लागी छनौट गरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सबैका जानकारीका लागी यो आशयको सुचना प्रकाशित गरीएको छ ।

तपशिल

| क्र.स | ठेक्काको नं. | ठेक्काको विबरण | बोलपत्र सुचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाता को नाम र ठेगाना | स्वीकृत रकम रु. (पि.एस र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १. | TRM/ROLPA/GOODS / NCB/09/2080/081 | Procurement of Electric Pole and It's Accessories | Jan.29, 2024 | M/S True Dimond Nirman Sewa,Kalimati 03 Salyan | 43,55,100.00 |

प्रमुख प्रशासकिय अधिकृत

# सञ्चारमा महिला नेतृत्व विकासमा जोड

**काठमाडौं (प्रस)**- नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले सञ्चारमाध्यमको अवधारणालाई सामाजिकीकरण गरेर लैजानुपर्ने बताएका छन् । ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा मंगलबार नेपाल पत्रकार महासंघको केन्द्रीय महिला समितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । अध्यक्ष पोखेलले समाजलाई सन्तुलित विकासतर्फ अघि बढाउन लैंगिकताको सवाललाई अझ पेचिलो ढंगले उठाउनुपर्नेमा जोड दिए ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिको सहकार्यमा आयोजित 'लैंगिकताको सवालमा नेपाली मिडिया' विषयक अन्तरक्रियामा बोल्दै न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले हामीले भोगिरहेका समस्याबारे छलफल गरेर नीति निर्माणगरी समस्या समाधानका उपाय अवलम्बन गर्नुपर्ने बताइन् । महिलाले प्रतिनिधित्व सँगसँगै नेतृत्व गर्न पनि सक्नुपर्ने उनको भनाइ छ ।

महासंघकी सल्लाहकार निर्मला शर्माले सम्पादकीय तहमा महिला पत्रकारको पहुँच कम रहेको बताइन् । तथ्यांकमा समावेशी देखिए पनि क्षमता विकासको अभाव, आर्थिक, भौतिक असुरक्षाले कार्यक्षेत्रमा महिला पत्रकार न्यून रहेको उनले बताइन् ।

अग्रज पत्रकार पुरूषोत्तम दाहालले पत्रकारितामा २० प्रतिशत महिला पत्रकार हुनु गौरवको विषय भएको बताए । उनले यस जमातले देशको हरेक क्षेत्रमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न पहल गर्नुपर्ने बताए ।

# भ्रष्टाचार अभियोगमा मुद्दा दायर

काठमाडौं (प्रस)- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सघन सहरी तथा भवन निर्माण कार्यालय राजविराजका तत्कालीन आयोजना प्रमुखसहितका कर्मचारीविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

राजविराज मधुवापुर वडा कार्यालयबाट अर्जी टोलसम्मको ३०० मिटर सडक कालोपत्र गर्ने क्रममा प्रक्रिया नपुऱ्याइ काम गरेकाले भ्रष्टाचारको अभियोगमा मंगलबार मुद्दा दायर गरिएको हो ।

तत्कालीन आयोजना प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सचिन्द्रकुमार देव, इञ्जिनियर मदन राय, सवइञ्जिनियर सरोजकुमार यादवविरुद्ध तीन लाख ४७ हजार रूपैयाँ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । उनका अनुसार गुञ्जा कन्स्ट्रक्सन, खडक नगरपालिका-८ सप्तरीका प्रोपाइटर गोविन्दप्रसाद मण्डलविरुद्ध पनि तीन लाख ४७ हजार रूपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७८/०५/१८ मा दर्ता भएको प्रा.लि.नं. २७०४५८ को **डल्फिन इनोभेटिभ एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/२० को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३०६ फाल्गुन २२ गते २०८० मा प्रकाशित Kailash International Manpower Pvt. Ltd. को Lot No. 301005 को Slingtek W.L.L कम्पनीको विज्ञापनमा अन्तर्वार्ता मिति: २०८० चैत ०६ गते (2024/03/19) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.** (श्रम इजाजत नं. ३१७/०५९/०६०)
सामाखुसी-२६, काठमाडौं, फोन नं.: ४८५७७३४, ४९८१९२२, ४९८३९४४
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## बीमालेख हरायो

मिति २०८०/१०/१० गते, चावहिलदेखि पाटनसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : शुभश्री सुवेदी
बीमालेख नं : १००१०८७५५
Life Insurance Corporation (Nepal) Limited
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८५११२२९७५

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OH TUNG SANG HARDWARE SDN.BHD.**
पूर्व स्वीकृति मिति २०८०/०५/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. : 291268 | चलानी नं.: ६०२०६५८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

अब जनता झनझन् आक्रोशित हुँदै जान्छन् । किन कि दाहाललाई देश र जनताको माया छैन, प्रधानमन्त्री पद बचाउन सक्छु कि सक्दिन ? यति मात्र छ । ओली आफैं बिरामी छन् । सदनमा उभिन नसक्दा कुर्सीमा बसेर भाषण गर्नुपर्छ । लामिछाने सर्वत्र काण्डले घेरिएका छन् । उनीमाथि एकपछि अर्को काण्ड लाग्छ, त्यही सल्टाउँदै ठिक्क हुन्छ । यस्ता पार्टी र नेतामाथि जनताले कसरी विश्वास गर्ने ? यिनीहरूलाई कुर्सीमा राख्नु देश बर्बाद बनाउनुबाहेक केही होइन ।

*- अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'डम्पिङसाइट' भरिएपछि कोरिडोर दुर्गन्धित

**ढोरपाटन (बागलुङ)-** बागलुङ नगरपालिकाले काठेखोला र कालीगण्डकी करिडोर नजिकैको सुतुर्केमा फोहोर फाल्न थालेको एक दशक भयो। त्यसअघि नगरपालिकाले २०५४ सालदेखि कालीगण्डकी किनारमा फोहोर व्यवस्थापन गर्दै आएको थियो तर अहिले सुतुर्केको 'डम्पिङसाइट' पनि भरिएपछि फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ । अव्यवस्थित फोहोर व्यवस्थापनबाट सोही स्थान हुँदै दैनिक गुड्ने सयौं सवारीसाधन र यात्रु प्रभावित भएका छन् ।

कुहिने र नकुहिने फोहोर नछुटयाई व्यवस्थापन गर्दा त्यहाँको १० रोपनी जग्गा भरिएको छ भने सुतुर्केको 'डम्पिङसाइट'को असर नजिकैको प्रसिद्ध बागलुङ कालिका मन्दिरमा पनि असर पर्न थालेको छ । अव्यवस्थित फोहोर व्यवस्थापनका कारण सो ठाउँ हुँदै यात्रा गर्न सकस हुने गरेको सवारी चालक देवीबहादुर सुनारले सुनाए । 'फोहोर फाल्नका लागि वरिपरी पर्खाल लगाइएको छ तर फोहोर भरिएर सबै सडकमा खसेको छ,' उनले भने, 'गर्मी पनि बढ्न थाल्यो, अब यो बाटो भएर हिँड्नै नसक्ने अवस्था हुन्छ । दुर्गन्धले रिंगटा लाग्ला जस्तो हुन्छ । यो बाटोको विकल्प पनि छैन ।'

नगरपालिकाले फोहोरको दिगो व्यवस्थापनका लागि व्यवस्थित 'ल्यान्डफिल साइट' बनाउने योजना बनाए पनि हालसम्म कार्यान्वयनमा आएको छैन । केही दिन लगातार यो सडक हुँदै यात्रा गरियो भने बिरामी पर्ने अवस्था रहेको बागलुङ नगरपालका-१४ का वीरबहादुर क्षेत्रीको गुनासो छ । स्थानीयले नगरपालिकामा गएर धेरै पटक फोहोर व्यवस्थापनका लागि आग्रह गरे पनि हालसम्म सुनुवाइ हुन नसकेको उनको भनाइ छ ।

'अव्यवस्थित फोहोर व्यवस्थापनका कारण त्यहाँका झिँगा मालढुंगासम्म पुग्छन्, यही सडकबाट दैनिक सयौं मान्छे ओहोरदोहोर गर्नुपर्छ । हामी पनि हरेक दिन हिड्छौं,' क्षेत्री भन्छन्, 'नगरपालिकाले फोहोर उठाउने बेलामै कुहिने र नकुहिने छुट्टाएर व्यवस्थापन गर्नुको विकल्प छैन ।'

बागलुङ नगरपालिकाले दैनिक छ टन फोहोर व्यवस्थापन गरिरहेको छ । नगरपालिकाले फोहोर व्यवस्थापनका लागि आधुनिक र व्यवस्थित डम्पिङसाइट बनाउने गुरुयोजना बनाए पनि बजेट अभावमा कार्यान्वयन गर्न नसकिएको नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठको भनाइ छ । नगरपालिकाले दक्षिण कोरियाको वातावरण विभागअन्तर्गत 'एएलके इसिओ' कम्पनीसँग फोहोर व्यवस्थापनका लागि मेसिन ल्याउने तयारी गरेको श्रेष्ठले जानकारी दिए ।

यसअघि सो कम्पनीका प्रमुख खो यु सेप, सिइओ जङ डेटोङ तथा बागलुङ नगरपालिकाका प्रमुख श्रेष्ठ र कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीको संयुक्त बैठकले मेसिन ल्याउने निर्णय गरेको थियो । बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा फोहोर व्यवस्थापनका लागि विनियोजित एक करोड २० लाख रूपैयाँमा मेसिन खरिद गर्ने तयारी गरेको प्रमुख श्रेष्ठको भनाइ छ । *रासस*

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर २४७/०५८/०५९ यस **H.R. INTERNATIONAL EMPLOYMENT SERVICES** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी बिरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग बैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | पद | ना.नं. | राजिनामा मिति |
|---|---|---|---|
| अर्जन अर्याल | लेखपाल | १००१/७८५ | २०८०/१०/०९ |
| सीमा मण्डल | रिसेप्सनिस्ट | १५११०३/२०८५२ | २०८०/०८/१३ |
| रिता कुमारी ठाकुर | म्यानेजर | १५-०१-७५-०८९४६ | २०८०/०६/२१ |
| लक्ष्मी नारायण शाह | पी आर ओ | १८१६१३९१ | २०८०/१०/२३ |

Gov. Lic No. 247/058/059

**H.R. International Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/२३ गते)

श्री मोतिरत्न ताम्राकारको नाति श्री दान रत्न ताम्राकारको छोरा श्रीमति रुकमणी श्रेष्ठ ताम्राकारको पति काठमाण्डौं महानगरपालिका मरुइलाछे स्थायी घर भई हाल ज्ञानेश्वर ३० काठमाडौं बस्ने सानु कुमार ताम्राकारको मिति २०८०/०५/०९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको खाता नं २०४०१९५२१५५०००01, न्यूरोड शाखामा रहेको खाता नं ००५०१८८१६७६०००01 र रातोपुल शाखामा रहेको मुद्दती बचत खाता नं २४०१९५२१५५०००05 र २४०१९५२१५५०००01 मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमति रुकमणी श्रेष्ठ ताम्राकारले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप खाताहरु उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं. ०१-४२४६१०५

## श्री राजदल गण

पाटन ब्यारेक, लगनखेल

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८०।११।२३ गते

आर्थिक वर्ष २०८०/८१ मा यस गणको हाताभित्र रहेको परिवार आवास गृहको मर्मत सम्भार कार्य गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नुपर्ने अन्तिम मिति २०८०।१२।०८ गतेको १२:०० बजेभित्र र खोलुवा सोही मितिको १३:०० बजे यस गणमा हुनेछ । थप जानकारीको लागि यस कार्यालयको फोन नं.०१-५४२१४४१ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ ।

सिलबन्दी दरभाउपत्रको विवरण

| सि नं | सूचना नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) | शिलबन्दी दरभाउपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|
| १. | NA/RDBN/2080/81/02 | परिवास आवास गृहको मर्मत सम्भार कार्य | १७,२३,६३७.३५ | १०००.०० | |

## Shailung Rural Municipality
### Office of the Rural Municipal Executive
Katakuti, Dolakha
Bagamati Province, Nepal

### Invitation for Sealed Quotation

Date of Publication: 23/11/2080 (6th March 2024)

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic Sealed Quotation from registered company, suppliers or authorized dealer for the supply and delivery mention in the table below on or before 8/12/2080 (21th March 2024) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N | Name of Project | Contract ID | Estimated Amount (with VAT) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and supply of Gabion Box | SRM/SQ/GOODS/01-2080/081 | 14,99,501.80 | 42,000.00 | 1000.00 |
| 2 | Procurement supply delivery and installation of Solar Street light | SRM/SQ/GOODS/02-2080/081 | 19,97,112.05 | 56,000.00 | 1000.00 |
| 3 | procurement supply and delivery of branded laptop computer, laser printer and color printer | SRM/SQ/GOODS/03-2080/081 | 19,97,982.00 | 56,000.00 | 1000.00 |

Chief Administrative Officer

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HALLOUL SHI LTD

पूर्व स्वीकृति मिति : २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/२२ | LT No :294308 | चलानी नं. ६०२०९५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 23 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 12 | 0 | 1000 | ३५,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६११/०७९/८०

**MARGA DARSHAN HUMAN RESOURCE PVT. LTD.**
Tokha 5, Basundhara, Kathmandu, Tel: 01-4971666, Mobile: 9851003483, 9851082446
Email: info@margadarshanhr.com.np, Web: www.margadarshanhr.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLOUD SYANGTAN CLEANING AND TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/११/२१ | LT. No. 300956 | चलानी नं. ६०२१५९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 1 | 0 | 1200 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female Cleaner | 0 | 1 | 900 | ३२,५१५ | | | | | | | |
| 3 | Male Cleaner | 1 | 0 | 900 | ३२,५१५ | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 5 | Plaster | 3 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 6 | Plumber | 1 | 0 | 1200 | ४३,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WEI LIAM COSTOTECH SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 285521 | चलानी नं. ६०२००९७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOLID COMPONENT MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 276095 | चलानी नं. ६०१९२१०९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BIOALPHA INTERNATIONAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 290156 | चलानी नं. ६०२०५४०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PUBLIC FOOD TRADING (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 281123 | चलानी नं. ६०१९६७८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : VERTEX SUCCESS SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 284846 | चलानी नं.६०२००२५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM MOHAMMED KHAIRI KABBANI AND PARTNERS FOR CONSTRUCTION AND MAITENANCE LLC

पूर्व स्वीकृति मिति २०८०/०७/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No. 294830 | चलानी नं. ६०२१२४२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blaster | 1 | 0 | 1200 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Insulation Worker | 2 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 3 | Painter | 5 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 4 | Scaffolder | 8 | 0 | 1200 | ४३,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUT NAJD TRADING EST

पूर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. 301031 | चलानी नं. ६०२१५९७७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 1 | 0 | 1600 | ५६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 301031 मिति: २०८०/११/२२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAMERONIAN FLORAL NURSERY

पूर्व स्वीकृति मिति २०७९/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२१ | LT. No.274059 | चलानी नं. ६०१८९८४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Woker | 15 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 274059 मिति: २०८०/११/२२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## ZERO FEE RECRUITMENT FOR MALAYSIA
## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

**Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.**

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

COMPANY: **BON FOOD INDUSTRIES SDN BHD**
कम्पनी : बन फुड ईन्डस्ट्रिज एसडीयन. बीएचडी.

पूर्व स्वीकृति मिति : २०८०/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२२ | LT. No. 287044 एल टि न. २८७०४४ | Invoice No. 60202399 चलानी नं. ६०२०२३९९

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary: रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | ६० 60 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
  पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
  नेपाल सरकारले कुनै पनि बिचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले बन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै बिचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
  आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदछौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
  यस मास ह्युमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदछौं ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
  मास ह्युमन प्रा.लि ''शून्य भर्ती शुल्क'' सम्बन्धी सून्य सहनशिलताको साथ निष्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
  हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईको गोपनियत कायम राख्नेछौं ।

**Interview will be conducted on 7th Mar, 2024 in Office Premises.**
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २४ गते हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068
An ISO 9001:2015 CERTIFIED COMPANY

# प्रभाव दैनिक





### 'मुन्द्रेको कमेडी क्लब' बन्द

कमेडी शो 'मुन्द्रेको कमेडी क्लब'को प्रसारण बन्द भएको छ। कार्यक्रमका सञ्चालक तथा कलाकार जितु नेपालले तेस्रो सिजनको शोको प्रसारण बन्द भएको जानकारी दिए। शो प्रसारण गर्दै आएको टेलिभिजनले गरेको समय परिवर्तन लगायत विभिन्न कारणले शो बन्द गर्नु परेको जितुले बताए। 'समय सापेक्ष र अन्य कुनै नौलो कार्यक्रम ल्याउन शो बन्द गरेको हो' जितुले थपे। शो ३ सिजनसहित गरेर १८४ भाग प्रसारण भएको छ। शोको पहिलो सिजनमा दीपाश्री निरौला, दोस्रो सिजनमा करिश्मा मानन्धर र तेस्रो सिजनमा प्रियंका कार्की अध्यक्ष रहेका थिए। 'कमेडी नाइट्स विथ कपिल' शोको शैलीमा तयार पारिएको यो शो यसअघि पनि पटक पटक बन्दै हुँदै पुनः सञ्चालन हुँदै आएको थियो। अहिले भने स्थायी रूपमा बन्द भएको जितुले बताए।




बुधबार २३, फागुन २०८० (Wednesday, March 6, 2024)


# सातौं 'सिने सर्कल अवार्ड' वैशाखमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिनेमा सर्कल नेपालको आयोजनामा विगत सात वर्ष देखि निरन्तर हुँदै आइरहेको 'एलजी सिने सर्कल अवार्ड २०८० ' आगामी वैशाखमा आयोजना गर्ने घोषणा गरेको छ।

सिनेमा सर्कल नेपालको आयोजना र दि दिनेश डिसी प्रोडक्सनको व्यवस्थापनमा अवार्डको आयोजना हुँदै आएको छ। सिनेमा सर्कल नेपालका अध्यक्ष दिनेश डिसीले फेसबुक मार्फत घोषणा गरेका हुन्। २०८० सालमा प्रदर्शन भएका सम्पुर्ण सिनेमाले निशुल्क सहभागीता जनाउन सक्ने आयोजक संस्थाले जनाएको छ।

२१ विधामा अवार्ड हुने कार्यक्रममा एक जना बरिष्ठ सिनेकर्मीलाई ५१ हजार नगद सहित लाईफ टाईम अचिभमेन्ट अवार्ड प्रदान गरिने छ।

विगत जस्तै यसवर्ष पनि उत्कृष्ट सिनेमा, निर्देशक, अभिनेता, अभिनेत्री, संगीतकार, अनस्क्रिन जोडी, कोरियोग्राफर, द्वन्द्व निर्देशक, पार्श्वगायिका, पार्श्वगायक, पटकथा, पार्श्वसंगीत, सम्पादक, चर्चित अभिनेता, चर्चित अभिनेत्री, कमेन्डेबल मूभि, भीएफएक्स, स्टन्ट, चर्चित गीत, ट्रेलर र पोस्टर समावेश लगायतका विद्या समावेश गरिएका छन्।

सिनेमा सर्कल नेपालले सिनेकर्मी, पत्रकार, फुटवलर, एभरेष्टर, उद्योगी, समाजसेवि, नेपाल आर्मी तथा प्रहरीका उच्च अधिकृतहरू सहित नेपालका प्रतिष्ठीत व्यक्तिहरूको उपस्थितिमा विगतका वर्षमा झैं यो बर्ष पनि केहि फरक ढंगले अवार्ड प्रदान गरिने तयारी आयोजक संस्थाको छ।

नेपालमा चलचित्र क्षेत्रको श्रीवृद्धीको उद्धेश्यले थुप्रै संघ, संस्था, तथा निजि क्षेत्रहरूले अवार्ड गर्दै आएपनि चलचित्र विकास बोर्डको 'राष्ट्रीय चलचित्र पुरस्कार' र सिनेमा सर्कल नेपालको 'सिने सर्कल अवार्ड ' भने निरन्तर हुँदै आइरहेको छ।

नेपालमा चलचित्र क्षेत्रको श्रीवृद्धीको उद्धेश्यले थुप्रै संघ, संस्था तथा प्राईभेट कम्पनीहरूले अवार्ड गर्दै आएपनि चलचित्र विकास बोर्डको 'राष्ट्रीय चलचित्र पुरस्कार' र सिनेमा सर्कल नेपालको 'सिने सर्कल अवार्ड ' भने निरन्तर हुँदै आइरहेको छ।

# 'रंगेली' मा दया र मिरुना

**काठमाडौं (प्रस)–** अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको जोडी एकपछि अर्को चलचित्रमा देखिन थालेको छ। गत वैशाख १ गते प्रदर्शनमा आएको चलचित्र 'जारी' पश्चात यो जोडीले 'नाङ्गो गाउँ', 'रङ्गेली', 'घर ज्वाइँ', 'अञ्जिला'लगायतका चलचित्रमा काम गरिसकेको छ।

उनीहरू दुवैले अभिनय गरेको 'रङ्गेली' आउँदो यही फागुन २५ गतेदेखि प्रदर्शन हुँदैछ। 'हाम्रो जोडीलाई दर्शक र निर्माता निर्देशकले रुचाउनुभएकै कारण चलचित्रमा अभिनयको प्रस्ताव आइरहेका छन्। सोही कारण सुहाउँदो भूमिकालाई स्वीकार गरेर चलचित्रमा काम गरिरहेका छौँ', अभिनेता दयाहाङ राईले भने।

अभिनेता राई पछिल्लो व्यस्त अभिनेतामा पर्छन्। यस वर्ष मात्र उनले दशभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका छन्। सोही कारण पनि उहाँको चरित्र उस्तै देखिने गरेको गुनासो बढ्ने गर्छ। अभिनेता राई पनि यस विषयमा जानकार छन्। 'चलचित्र रङ्गेलीमा मेरो भूमिका अघिल्लाभन्दा फरक छ। यस चलचित्रमा नायक र खलनायक दुवै भूमिकामा मलाई देख्नसक्नुहुनेछ', उनले भने, 'सामान्य मान्छे कसरी असामान्य हुँदै जान्छ भन्ने चरित्र छ।' उनले यसमा एक आपाराधिक समूहको नेतृत्वकर्ताको भूमिका निर्वाह गरेका छन्। उनले धेरै समय पश्चात यस किसिमको भूमिका निर्वाह गरेको बताए।

'पैसा र शक्तिले एक सामान्य व्यक्तिको जीवनमा पार्ने प्रभाव र त्यसले निम्त्याउने घटनाक्रमले क्षणिक लाभ र दीर्घकालीन असरलाई मेरो पात्रले देखाउने प्रयास गरेको छ', अभिनेता राईले भने।

अभिनेत्री मगरले यस चलचित्रमा थारु समुदायकी युवतीको भूमिका निर्वाह गरेका छन्। 'मेरो चलचित्र यात्राकै एक सशक्त भूमिका यसमा निर्वाह गरेकी छु। किनकि यसमा मेरो भूमिका नाचगानमा मात्र सीमित छैन। चलचित्रमा नायिकको भूमिका पनि बलियो छ', अभिनेत्री मगरले भने। अर्जुन सुवेदीले लेखन तथा निर्देशन रहेको चलचित्रमा अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रूपेश झा, सुन्दर धिताललगायतले पनि अभिनय गरेका छन्।

# रत्यौली संरक्षणमा आमा समूह सक्रिय

*'हे......खुसी हुँदै जाउ है बाबु दुलही लिएर आए*
*बाबा आमा दिदीबहिनी कहिल्यै नरुवाए*
*आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।*
*हे...बिहे गरे छोरा विदेश सहरमा बुहारी*
*घरमा भने बाउ आमा र बाँझो खेतबारी*
*आफ्नै देश केही गरी खानु वृद्धाश्रम बा-आमा नलानु*
*आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।*

बागलुङ नगरपालिका-८ सिगाना सायकोटको सृजनशील आमा समूहले तयार पारेको रत्यौली गीतको टुक्का हो यो। विवाह संस्कारमा गाइने गीतमध्यको रत्यौली अहिले लोप हुने अवस्थामा आएपछि यहाँका आमा समूह मिलेर संरक्षणमा जुटेका छन्। वैवाहिक सम्बन्धको विषय वरपर रहेर गाइने गीतलाई रातमा रमाइलो गरेर गाइने भएकाले यसलाई रत्यौली नामकरण गरिएको आमा समूहका अध्यक्ष डिलकुमारी कार्कीले बताइन्। लोकगीतका विभिन्न भेदमध्यको संस्कार गीतमा पर्ने रत्यौली बिस्तारै लोप हुने खतरामा बढ्दै गएपछि यहाँका 'रत्यौली समूह' निर्माण गरेर मेला तथा पर्वमा रत्यौली गाउन र नाच्न थालिएको उनले बताइन्।

मौलिक गीतका रूपमा रहेको रत्यौली पछिल्लो समय आधुनिकतासँगै लोप हुन थालेकाले आमा समूह बनाएर संरक्षणमा जुटेको यहाँका आमाहरूले बताएका छन्। वैवाहिक तथा परिवारको सम्बन्धको, विगत र भविष्यको सेरोफेरोमा घुमेका यस्तै गम्भीर र थुप्रै ठट्यौली अनि रमाइला खालका गीत गाउँदै रत्यौली संरक्षणमा जुटेको समूहका अध्यक्ष कार्कीले बताइन्। पछिल्लो समय पार्टी प्यालेसबाट तथा भागी विवाह गर्ने चलन बढेकाले रत्यौली परम्परा पुस्तान्तरण हुन नसक्दा लोप हुनथालेपछि विवाह समारोहसँगै मेला पर्वमा रत्यौली प्रदर्शन गर्न थालिएको उनको भनाइ छ।



'रत्यौलीका लागि लाहुरे, लुठो, मादले, खैजाडु, श्रीमान्श्रीमतीको जोडीसहितको समूह तयार पारेका छौँ। सचेतनामूलक सन्देश दिनेगरी सामाजिक र सांस्कृतिक कार्यक्रममा रत्यौली प्रदर्शन गर्दै आएका छौँ', कार्कीले भनिन्, 'विद्यालयको वार्षिकोत्सव, क्लबको मेलालगायत कार्यक्रममा यस्ता गीत गाउँदा मनोरञ्जनका साथै सन्देश पनि दिन सकिन्छ र संस्कृति संरक्षण पनि हुन्छ भनेर अभियान नै थालेका छौँ।'

उनका अनुसार बालमैत्री अभियान, दाइजो प्रथा, बालविवाहविरुद्ध, महिला शिक्षालगायत विषयमा रत्यौली गीतका शब्द सङ्कलन गरेर गाईँदै आइएको छ। रत्यौलीका लागि आवश्यक सामग्री मादल, खैजाडी, नवविवाहितको जोडी, पण्डितको भेषसम्मका कपडा समूहले व्यवस्था गरेको उनको भनाइ छ। 'उहिल्यै-उहिल्यै रतौली गीतमार्फत आमा, दिदीबहिनीहरू दुलाहा-दुलही र घरपरिवारलाई आशिष् दिन्थे। पारिवारिक अवस्थाको चित्रण गर्दै बह पोख्थे अनि खुलेरै रमाइलो गर्थे। पहिला प्रायः विवाह राति हुने भएकाले यसलाई रत्यौली भनिएको हो। अहिले विवाह दिनमा हुन थाल्यो र यो परम्परा पनि लोप हुँदै गयो', समूहका सदस्य गङ्गा खड्काको भनाइ छ।

समूहबाट सन्देशमूलक गीतका शब्द सङ्कलन गरेर मेला, पर्व, विद्यालयको वार्षिकोत्सवलगायत कार्यक्रममा रत्यौली गाउन थालेको भन्दै यसले यो परम्परा संरक्षणमा टेवा पुग्ने विश्वास लिइएको उनको भनाइ छ। समूहमार्फत रत्यौलीको परम्परालाई संस्थागत गर्न लागिएको उनको भनाइ छ।

*हे.... सुन्नुहोला माइतीले हाम्लाई लोभ छैन,*
*असल संस्कार छोरी दिनुहोस् दाइजो पर्दैन,*
*आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।*
*हे....कर्म गरौँ आफ्नै भर परौँ*
*दाइजो पर्था हटाउने काम गरौँ,*
*आमाको पियारो छोरो ............।*

उहिल्यै रत्यौलीमा सुनिने रमाइला, ठट्यौली र मानवीय जीवनका दैनिकी समेटिएका यथार्थपरक गीतहरू आजकल सुनिन छोडेका छन्। समूहले अहिले सन्देशमूलक रत्यौलीका गीत गाउन थालेपछि यसको रमाइलो नै फरक हुन थालेको भन्दै स्थानीय महिलाको सहभागिता बढ्दै गएको आमा समूहका सदस्य बताउँछन्। *रासस*



टी-२० क्रिकेट सिरिज

# नेदरल्याण्ड्सलाई टी–२० शृंखला




■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय शृंखलाको उपाधि नेदरल्याण्ड्सले जितेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हजारौ दर्शकलाई निशब्द बनाउँदै नेदरल्याण्ड्सले चार विकेटको रोमाञ्चक जित निकाल्यो। नेपालले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य नेदरल्याण्ड्सले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गर्‍यो।

नेदरल्याण्ड्सको जितमा माइकल लेभिटले अर्धशतकीय पारी खेले। बिस्फोटक ब्याटिङ गरेका उनले २९ बलमा तीन छक्का र छ चौकाको सहयोगमा ५४ रन बनाए। म्याक्स ओ डाउडले २३ बलमा एक छक्का र दुई चौकाको सहयोगमा २२ रन बनाए।

उत्कृष्ट सुरुआत गरेको नेदरल्याण्ड्सका लागि ओपनरद्वय लेभिट र ओ डाउडले पहिलो विकेटका लागि ८३ रनका साझेदारी गरे। नवौं ओभरमा बलिङका लागि आएका कुशल मल्लले आफ्नो पहिलो ओभरमा दुई विकेट लिँदै नेपाललाई राहत दिलाए पनि त्यो जितका लागि पर्याप्त भएन।

उनले नवौं ओभरको पहिलो बलमा म्याक्स ओ डाउडलाई दीपेन्द्र सिंह ऐरीबाट क्याच आउट गराए भने सोही ओभरको पाँचौ बलमा माइकल लेभिटलाई कप्तान रोहित पौडेलबाट क्याच आउट गराउँदै पवेलियन फर्काए।

नेदरल्याण्ड्सले एक सय ३४ रन छँदा तेस्रो विकेटका रूपमा विक्रम जित सिंहलाई गुमायो। सिंहले २३ बलमा तीन छक्कासहित २९ रन बनाए। साथै एक सय ४१ रन छँदा नेदरल्याण्ड्सले कप्तान स्कट एडवार्डलाई गुमायो। एडवार्डले जम्मा दुई रन बनाए।

नेदरल्याण्ड्सले एक सय ६६ रन बनाउँदा पाँचौ विकेटका रूपमा साइब्राण्ड एङ्गलब्रेक्टलाई गुमायो। एङ्गलब्रेक्टले २९ बलमा तीन छक्का र चार चौकाको सहयोगमा ४८ रनको योगदान दिए। साथै छैटौं विकेटका रूपमा एक सय ७३ रन छँदा तेजा निदामानुरु दुई रनमा आउट भए।

नेदरल्याण्ड्सको जितमा बलर टिम भान डेर गुग्टेन पाँच बलमा दुई छक्का र दुई चौकाको सहयोगमा २१ रनको योगदान दिए भने रोलफ भान डर पर्व दुई बनाए। यी दुवै खेलाडी अविजित रहे।

नेदरल्याण्ड्सका लागि ५४ रन र दुई विकेट लिएका लेभिट प्लेयर अफ दि म्याच घोषित भए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ८४ रन बनाएको थियो। नेपालका लागि ओपनर आशिफ सेखले ३७ बलमा तीन छक्का र एक चौकाको सहयोगमा ४७ रनको योगदान दिए भने अर्को ओपनर कुशल भुर्तेलले २० रन बनाए। कप्तान रोहित पौडेलले २५ बनाए भने गुलशन झाले ३४ रनको योगदान दिए।

दीपेन्द्र सिंह ऐरी एक रनमा आउट हुँदा कुशल मल्लले ११ बलमा तीन छक्काको सहयोगमा २६ रन बनाए। साथै करन केसीले नौ रन बनाउँदा आरिफ सेखले खाता खोल्न सकेनन्। पुच्छारका ब्याटरद्वय सोमपाल कामी र प्रतिस जिसीले समान छ/छ रन बनाए।

नेदरल्याण्ड्सका लागि फ्रेड काल्सेन, टिम भान डेर गुग्टेन, माइकल लेभिट र साइब्राण्ड एङ्गलब्रेक्टले समान दुई/दुई विकेट लिए।

जारी शृंखलामा नेदरल्याण्ड्स पाँच अंकका साथ तालिकाको शीर्ष स्थानमा रहँदै फाइनल प्रवेश गरेको हो भने नेपाल चार अंकका साथ फाइनलमा प्रवेश गरेको हो। चार खेलमा एक जित, दुई हार र एक ड्र गरी तीन अंक जोडेको नामिबिया तालिकाको पुच्छारमा रह्यो।

शृंखलाको पहिलो खेलमा नामिबियाले नेपाललाई २० रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नेदरल्याण्ड्सले नेपाललाई दुई रनले पराजित गरेको थियो। साथै तेस्रो खेलमा नेदरल्याण्ड्सले नामिबियालाई ५९ रनले पराजिति गरेको थियो भने चौथो खेलमा नेपालले नामिबियाविरुछ तीन रनको रोमाञ्चक जित निकालेको थियो। साथै पाँचौ खेलमा नेपालले नेदरल्याण्ड्सलाई छ विकेटको सहज जित निकालेको थियो। त्यसैगरी नामिबिया र नेदरल्याण्ड्सबीचको खेल वर्षाले प्रभावित भएको थियो।

## के भन्छन् नेपाली प्रशिक्षक र कप्तान ?

**काठमाडौं (प्रस)–** घरेलु मैदानमा त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको फाइनलमा नेदरल्याण्ड्ससँग चार विकेटले पराजित भएपछि कप्तान र प्रशिक्षक दबाबमा खेल्न चुक्दाको परिणाम भएको प्रतिक्रिया दिएका छन्।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हजारौं दर्शकलाई निशब्द बनाउँदै नेदरल्याण्ड्सले चार विकेटको रोमाञ्चक जित निकाल्यो। नेपालले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य नेदरल्याण्ड्सले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गर्‍यो। विजेता नेदरल्याण्ड्सलाई नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले ट्रफी प्रदान गरे।

खेलपछि पत्रकारसँग कुरा गर्दै कप्तान रोहितकुमार पौडेलले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय सामूहिक भएको बताए। 'टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय सामूहिक थियो', उनले भने, 'पहिलो पारीमा विकेट राम्रो देखिएको थियो भने दोस्रो पारीमा विकेट 'स्लो' थियो।'

कप्तान पौडेलले सुरुआत राम्रो भए पनि योजनाअनुसार 'फिनिसिङ' गर्नबाट चुकेको बताए। 'जुन तरिकाले हामीले सुरुआत पाएका थियौं, त्यसअनुसार दुई सय रन बनाउने योजना थियो तर हामीले १०/१५ रन कम बनायौं', उनले भने, 'मध्यम ओभरमा रनको गति कम भयो भने विकेट पतन पनि चाँडो भयो।' उनले 'पावरप्ले' र 'डेथओभर'मा कमजोरी सुधार हुन नसकेको पनि बताए। 'यस प्रतियोगिताबाट धेरै कुरा सिकेका छौं। 'पावर प्ले' र 'डेथओभर' राम्रो प्रदर्शन गर्न सकेनौं तर विश्वकपसम्म त्यसमा सुधार गर्नेछौं।'

राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक मोन्टी देसाइले प्रतियोगिताले आगामी दिनमा योजना कार्यान्वयन गर्नका लागि धेरै कुरा सिकाएको बताए। 'नेदरल्याण्ड्स पनि ठूला टोलीलाई हराएको टिम हो, हामीले दबाबमा राम्रो प्रदर्शन गर्नबाट चुक्यौं', उनले भने, 'यसअघि पनि धेरै 'क्लोज गेम'हरू खेलेका छौं। प्रतियोगिताले विश्वकपको तयारीका लागि फाइदा पुगेको छ।'

उनले यही मार्च ९ देखि सुरु हुने हङकङविरुद्धको खेल 'बेन्च' बलियो बनाउनका लागि सहयोगी हुने बताए।

सूर्य नेपाल गल्फ टुर

# सदभावलाई एक स्ट्रोकको अग्रता




**काठमाडौं (प्रस)–** सूर्य नेपाल गल्फ टुर-२०२३/२४ अन्तर्गतको पाँचौं प्रतियोगिता 'सूर्य नेपाल च्यालेन्ज' को दोस्रो दिन मंगलबार एमेच्योर गल्फर सदभाव आचार्य एक स्ट्रोकको अग्रतासहित शीष स्थानमा उक्लन सफल भएका छन्।

डिफेन्डिङ च्याम्पियन सदभावले मंगलबार एक अन्डर ६७ को प्रदर्शन गरे। उनले समग्रमा तीन अन्डर एक सय ३३ सहित प्रोफेसनल गल्फर धनबहादुर थापालाई एक स्ट्रोकले पछि पारेका हुन्। एक अन्डर ६७ सहित समग्रमा दुई अन्डर एक सय ३४ सहित धन दोस्रो स्थानमा उक्लिए।

पुर्वनम्बर एक गल्फर रवि खड्का र पहिलो दिनका लिडर रामे मगर समग्रमा एक अन्डर ३५ को नतिजामा संयुक्त रूपमा तेस्रो स्थानमा रहे। रविले मंगलबार दुई अन्डर ६६ र रामेले दुई ओभर ७० मा दोस्रो दिनको खेल टुंग्याए।

दुई अन्डर ६६ स्कोर गरेका दिनेश प्रजापति समग्रमा इभन पार एक सय ३६ सहित पाँचौं स्थानमा रहेका छन्। समग्रमा दुई ओभर एक सय ३८ सहित जयराम श्रेष्ठ र भुवन नगरकोटी छैटौं स्थानमा रहेका छन्।

एमेच्योरतर्फ टासी छिरिङ र राहुल विके समग्रमा ६ ओभर एक सय ४२ सहित संयुक्त रूपमा दोस्रो स्थानमा छन्। दुवैले मंगलबार तीन ओभर ७१ को स्कोर बनाए। उनीहरू लिडर सदभावभन्दा नौ स्ट्रोकले पछि रहेका छन्।

३६ होलको समाप्तिमा १९ ओभर एक सय ५५ सम्म स्कोर गरेका २१ जना प्रोफेसनल र तीन एमेच्योर गरी कुल २४ जनाले कट बनाएका छन्।

कृष्णमान राजबाहक, रामकृष्ण श्रेष्ठ, रमेश अधिकारी, विष्णु प्रसाद शर्मा, प्रदीप कुमार लामा, टंक बहादुर कार्की, भुवन कुमार रोक्का, वसन्त राज गुरुङ, पशुपति शर्मा, धुव्र केसी, किसन कालीराज सुनार र विकास अधिकारीले अन्तिम ३६ होलको लागि स्थान सुरक्षित गरेका हुन्।

## झापा गोल्डकप : चर्च ब्वाइज सेमिफाइनलमा

**झापा (प्रस)–** छैटौं झापा गोल्डकपको मंगलबार भएको खेलमा चर्च ब्वाइज युनाइटेड क्लब सेमिफाइनलमा प्रवेश गरको छ। विर्तामोडस्थित डोमालाल रङ्गशालामा जारी गोल्डकपको मंगलबारको खेलमा न्यूरोड टिम एनआरटीलाई १-० ले पराजित गर्दै चर्च ब्वाइजले सेमिफाइनलको यात्रा तय गरेको हो।

चर्च ब्वाइज स्टाइकर अवयामी फकुल्नेको गोलमा विजयी भएको हो। खेलको ३६औं मिनेटमा सञ्जित राईको पासमा अवयामीले गोल गरे। पहिलो हाफमा लिग विजेता चर्च ब्वाइजले एनआरटीलाई दबाबमा राखिरहेको थियो भने दस्रो हालमा एनआरटीले चर्च ब्वाइजलाई दबाबमा राख्यो खेलमा फर्कन सकेन। पाएको अवसरलाई एनआरटीले सदुपयोग गर्न सकेन। खेलको ८६औं मिनेटमा चर्च ब्वाइज अग्रतालाई दोब्बर बनाउने अवसरलाई सदुपयोग गर्न सकेन। यो जितसँगै चर्च ब्वाइजले आयोजक झापा ११ र एन्फा मकवानपुरबीचको विजेता टिमसँग फाइनल प्रवेशका लागि खेल्नेछ। चर्च ब्वाइज यसअघि भएको खेलमा पुलिस क्लबलाई हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको हो भने एनआरटी बाई पाएर क्वाटरफाइनल खेल खेल्न आइपुगेको हो।

खेलमा 'म्यान अफ द म्याच' चर्च ब्वाइजको गोलका लागि उत्कृष्ट पास निकाल्ने सञ्जित राई भए। उनले नगद रु ११ हजार प्राप्त गरे। बुधबारको खेल ए डिभिजन लिगको दोस्रो स्थानको मच्छिन्द्र फुटबल क्लब र नेपाली सेनाको विभागीय टिम त्रिभुवन आर्मी फुटबल क्लबबीच हुने आयोजक झापा गोल्डकप आयोजक समिति अध्यक्ष विनोद बस्नेतले जानकारी दिए। यही २८ गतेसम्म चल्ने झापा गोल्डकपमा ए डिभिजन क्लबसहित १० टिमबीच प्रतिस्पर्धा हुनेछ।

# पाकिस्तानका नवनियुक्त प्रधानमन्त्री सरिफलाई मोदीको बधाई





**नयाँदिल्ली-** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार पाकिस्तानी समकक्षी शहबाज सरिफलाई प्रधानमन्त्री पदमा फर्किएकामा बधाई दिएका छन् । आणविक सशस्त्र प्रतिद्वन्द्वीका नेताहरूबीच सद्भावनाको यो दुर्लभ अभिव्यक्ति हो ।

मतदानमा व्यापक धाँधली भएको दाबीपछि सरिफले सोमबार औपचारिकरूपमा दोस्रोपटक प्रधानमन्त्रीका रूपमा शपथ लिएका थिए । पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) का सेना समर्थित ७२ वर्षीय सरिफले सबैभन्दा धेरै सिट जित्ने कारागारमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानका वफादारहरूलाई सरकारबाट बाहिर राख्न आफ्नो ऐतिहासिक प्रतिद्वन्द्वी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) र धेरै साना गुटहरूसँग गठबन्धन गरेर सरकार बनाएका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा भनेका छन्, 'पाकिस्तानका प्रधानमन्त्रीका रूपमा शपथ लिएकामा शहबाजलाई बधाई ।' भारत र पाकिस्तान लामो समयदेखि राजनीतिक तनावसँगै कट्टर प्रतिद्वन्द्वी हुन् । सन् १९४७ मा उपमहाद्वीपको विभाजनबाट अलग भएपछि दुवै मुलुकले तीन युद्ध र धेरै साना झडपहरू लडेका छन् ।

यद्यपि भारतमा सरिफलाई उनका पूर्ववर्ती खानको तुलनामा नयाँदिल्लीप्रति अधिक मिलनसार व्यक्तिका रूपमा हेरिन्छ । वरिष्ठ पाकिस्तानी राजनीतिज्ञका रूपमा असामान्यरूपमा सरिफले सन् २०१३ मा भारतको भ्रमण गरेका थिए । त्यतिबेला उनी पाकिस्तानको प्रभावशाली पञ्जाब प्रान्तको मुख्यमन्त्री थिए ।

उनले सीमाको भारतीय भूभागमा आफ्नो परिवारको पैतृक गाउँको भ्रमण गरे र अन्य अधिकारीहरूसँग नयाँदिल्लीमा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहसँग भेट गरे । हिन्दू राष्ट्रवादी नेताका रूपमा सत्ता सम्हालेको एक वर्षपछि सन् २०१५ मा पाकिस्तानको आश्चर्यजनक भ्रमणका क्रममा मोदीले सरिफ परिवारको विवाहमा भाग लिएका थिए । उनलाई तत्कालीन प्रधानमन्त्री एवं सरिफका दाजु नवाजले स्वागत गरेका थिए ।

अप्रिलमा सम्भावित आमनिर्वाचनमा तेस्रो कार्यकालका लागि प्रयासरत लोकप्रिय नेता मोदीको नेतृत्वमा भारतमा हिन्दू राष्ट्रवादी भावना बढेको छ । भारतले आफ्नो नियन्त्रणमा रहेको कास्मिरको भागमा आफ्नो पकड राख्ने प्रयासमा विवादपछि सन् २०१९ मा खानको प्रधानमन्त्रीत्वकालमा दुवै मुलुकले आफ्ना कूटनीतिक सम्बन्धलाई घटाएका थिए । हिमाली क्षेत्र कास्मिर दुवै मुलुकबीच विभाजित छ र दुवैले यसमाथि दाबी गर्छन् । *रासस/एएफपी*

# हनोइ प्रदूषित सहरहरूको सूचीमा शीर्ष स्थानमा

**हनोई-** भियतनामको राजधानी हनोईलाई मंगलबार प्रदूषणको बाक्लो धुवाँले ढाक्दा अग्ला भवनहरू अस्पष्ट देखिएका थिए भने सहरका करिब ९० लाख मानिसले विषाक्त हावामा सास लिन बाध्य हुनुपरेको थियो ।

मंगलबार दिउँसो वायु निगरानी वेबसाइट आइक्युएयरको विश्वका सबैभन्दा प्रदूषित सहरहरूको तालिकामा हनोई शीर्ष स्थानमा छ । फोक्सोमार्फत रक्तप्रवाहमा प्रवेश गर्न पर्याप्त क्यान्सर बनाउने सूक्ष्म कणहरू पिएम २.५ प्रदूषकहरूको स्तर 'धेरै अस्वास्थ्यकर' का रूपमा वर्गीकृत गरिएको छ र विश्व स्वास्थ्य संगठनको वार्षिक दिशानिर्देशअनुसार यो २४ गुणाभन्दा बढी छ ।

हालैका वर्षहरूमा हनोईलाई बारम्बार विश्वको सबैभन्दा प्रदूषित सहरमा सूचीबद्ध गरिएको छ । आंशिकरूपमा व्यापक निर्माण र प्रत्येक दिन राजधानीमा ठूलो संख्यामा मोटरसाइकल र कारहरूबाट हुने उत्सर्जनलाई यसको प्रमुख कारक मानिएको छ । त्यस्तै उत्तरमा कोइला खानीबाट हुने कार्बन उत्सर्जन र कषि जलनले समस्या थप बढेको छ ।

'पछिल्ला केही दिनमा हावाको गुणस्तर अत्यन्त खराब भएकाले बाहिर निस्कँदा मैले मास्क लगाउनुपरेको छ,' कार्यालयका कर्मचारी गुयेन मिन्ह हुआङले भने, 'सास फेर्न कठिन छ, मलाई बारम्बार हाच्छ्युँ आएकाले बाहिर निस्कने समयलाई सीमित गर्नुपरेको छ ।'

उच्च आर्द्रताले बाक्लो कुहिरोले हनोईलाई ढाकेर वायु प्रदूषणमा भएको वृद्धिले दृश्यता कम हुँदा गत महिना दर्जनौं उडान प्रभावित भएका थिए । मौसम पूर्वानुमानकर्ताहरूले विशेषरूपमा भियतनामको उत्तरपूर्वी पहाडी क्षेत्रहमा बाक्लो धुवाँको नियमित चेतावनी जारी गरेका छन् ।

वायु प्रदूषणमा विश्व बैंकको पछिल्लो प्रतिवेनमा हनोईमा ४० प्रतिशत मानिस विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को दिशानिर्देशहरूभन्दा करिब पाँच गुणा धेरै सघनताको सम्पर्कमा रहेको उल्लेख छ । वायु प्रदूषणको जोखिमसँग स्ट्रोक, हृदयरोग र फोक्सोको क्यान्सरजस्ता गम्भीर स्वास्थ्य जोडिएका डब्ल्युएचओले बताएको छ । *रासस/एएफपी*

# हाइटीको घातक हिंसाप्रति राष्ट्रसंघीय प्रमुखको चिन्ता

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सप्ताहन्तमा भएको घातक हिंसापछि हाइटीको राजधानी पोर्ट-अ-प्रिन्समा बिग्रँदो सुरक्षा अवस्थालाई लिएर गहिरो चिन्ता व्यक्त गरेका उनको मुख्य प्रवक्ताले सोमबार बताएका छन् ।

'महासचिव पोर्ट-अ-प्रिन्समा निरन्तर बिग्रँदै गएको सुरक्षा स्थितिप्रति अत्यन्त चिन्तित हुनुहुन्छ, हाइटीमा सशस्त्र गिरोहहरूले सप्ताहन्तमा प्रहरी चौकी र दुई कारागारसहित महत्त्वपूर्ण पूर्वाधारहरूमा आक्रमणलाई तीव्र बनाएका छन्,' प्रवक्ता स्टेफन डुजारिकले भने । उनका अनुसार महासचिव गुटेरेसले विशेषरूपमा गैरसंयुक्त राष्ट्र बहुराष्ट्रिय सुरक्षा सहायता मिसनका लागि वित्तीय सहायता प्रदान गर्न तत्काल कारबाहीको आवश्यकता दोहोऱ्याएका छन् । मिसनमा मुलुकहरूको स्वयंसेवी प्रहरी टुकडीको एउटा समूह छ । उक्त समूहले तत्काल सुरक्षा आवश्यकताहरू पूरा गर्न र मुलुकलाई अराजकताबाट जोगाउन हाइटीका प्रहरीलाई सहयोग गर्ने छ । महासचिवले हाइटी सरकार र अन्य राजनीतिक नेताहरूसँग निर्वाचनमार्फत लोकतान्त्रिक संस्थाहरूको पुनःस्थापनाको दिशामा राजनीतिक प्रक्रियालाई अगाडि बढाउने आवश्यक कदमहरूमा छिटो सहमत हुन आह्वान गरेका प्रवक्ता डुजारिकले बताए ।

प्रधानमन्त्री तथा कार्यवाहक राष्ट्रपति एरियल हेनरी केन्यामा एक हजार प्रहरी अधिकारीलाई पठाउने कार्यलाई वैध बनाउने एक सम्झौतामा हस्ताक्षर गर्नका लागि केन्यामा हुँदा हिंसा भड्किएको थियो । *रासस/सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWALAN MENTARI SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/03 | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/२२ | LT. No. 279425 | चलानी नं. ६०१९५०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 937/067/068

**Aseana International Pvt. Ltd.**

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUBCON GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | LT. No. 301093 | चलानी नं. ६०२१५९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३६,४४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 5 | 0 | 1100 | ४०,०९० | | | | | | | |
| 3 | Tile Maker | 5 | 0 | 1100 | ४०,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHONAINI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/०४/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२२ | LT. No.290042 | चलानी नं. ६०२०५३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL BASICS COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/२२ | LT. No. 294112 | चलानी नं. ६०२०९३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 19 | 0 | 1800 | ६३,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HARMONY FLAVORS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२१ | LT. No. 301070 | चलानी नं. ६०२१५९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. २००९१६ को **रोसिका नेशनल सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



राइनास नगरपालिका
नगर कार्यपालिका कार्यालय
तीनपिप्ले लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

(सूचना प्रकाशित मिति : २०८०।११।२३)

यस नगरपालिकाबाट मिति २०८०।०८।१ को e-bidding सूचना बमोजिम वडा नं.१, २, ३ स्थित Construction of Timurea Borangkhola Road को निर्माण कार्यका लागि विद्युतीय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरुको प्राबिधिक मुल्याङ्कनबाट सफल बोलपत्रदाताको मिति : २०८०।११।१४ गतेका दिन खोलिएको आर्थिक प्रस्ताव न्यूनतम मुल्याङ्कित भई सारभूतरुपमा प्रभावग्राही तपसिल बोलपत्र छनोट गर्ने निर्णय भयको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको (७) सात दिने सूचना सम्बन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ. कर र पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | RAINAS/NCB/W/10/080-081 | Construction of Timurea Borangkhola Road | Jay Bhole Baba Construction Rainas- 6, Lamjung | ५७,४६,८९१।०० | |

प्रमुख प्रशासकीय अधिकृत



डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८०।११।२३

प्रस्तुत विषयमा यस कार्यालयबाट मितिः २०८०/११/०१ मा मध्यान्ह पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम मिति २०८०/११/१६ गते E-Bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्याङ्कन हुँदा तपसिलमा उल्लिखत बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम् मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स. | बोलपत्र नं. | आयोजनाको नाम | छनोट भएका बोलपत्रदाताहरूको नाम, ठेगाना | कबोल अंक (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| १. | DRM/W/SQ/02/2080-81 | Jadi Kalsedhunga Road Construction Works, Dungeshwor Rural Municipality-03 | Kalika Construction, Tila-05, Jumla | ११,१२,४५९।९८ |
| २. | DRM/W/SQ/03/2080-81 | Jadi Ramdi Timile Kalsedhunga Road Construction Work, Dungeshwor Rural Municipality-03 & 05 | Kalika Construction, Tila-05, Jumla | ९,६४,७६८।८३ |

प्रमुख प्रशासकीय अधिकृत



## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२१००० | प्रति तोला – १२०४०० | प्रति तोला – १४१० |





**घरेलु हतियारको व्यापार** | मोरङको बेलबारी नगरपालिकास्थित सोमबारे हट बजारमा बिक्रीका लागि राखिएको आवश्यक घरेलु हातहतियार । *तस्बिरः मणिराम दाहाल/रासस*

## माथिल्लो कर्णालीको काम अगाडि बढाउन आग्रह

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको कामलाई अगाडि बढाउन अनुरोध गरेका छन् ।

आयोजनाका प्रतिनिधि केके शर्मालाई आयोजनाको काम अगाडि बढाउन मुख्यमन्त्री शर्माले अनुरोध गरेका हुन् । त्यसक्रममा मुख्यमन्त्री शर्माले हालसम्मको आयोजनाको प्रगतिबारे जानकारी लिएका थिए ।

माथिल्लो कर्णाली जलविद्युत् कर्णाली प्रदेशसहित मुलुकको महत्वपूर्ण आयोजना भएकाले यसको निर्माणमा तीव्रता दिनुपर्ने सुझाव दिएका मुख्यमन्त्री शर्माले प्रदेश सरकारका तर्फबाट गर्नुपर्ने आवश्यक पहल तथा समन्वयका लागि तयार रहेको जनाए । आयोजनाका प्रतिनिधि शर्माले आयोजनाअन्तर्गत सबै प्रक्रिया पूरा भएको र अब काम अगाडि बढाउने बताएका थिए ।

नौ सय मेगावाट जलविद्युत् क्षमताको उक्त आयोजना निर्माणको जिम्मा भारतीय कम्पनी ग्रान्धी मल्लिकार्जुन राव (जिएमआर)ले लिएको छ । जिएमआरले माथिल्लो कर्णाली आयोजनाको निर्माण १३ वर्षदेखि अगाडि बढ्न सकेको छैन । जिएमआरले सन् २००८ मा नै आयोजना निर्माणको जिम्मा पाएको थियो ।

## मञ्जुश्री फाइनान्सलाई 'बेस्ट फाइनान्स अफ द इयर' अवार्ड

**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्सले बेस्ट फाइनानस अफ द एयरको अवार्ड हात पारेको छ । १६ औं संस्करणको 'कर्पोरेट बिजनेश अवार्ड, २०२४' कार्यक्रमका अवसरमा मञ्जुश्रीले उक्त अवार्ड पाएको हो ।

सो अवार्ड छनोट समिति संयोजक भवानी राणा, सदस्यहरूः सुष्मा महरा, तेन्जिङ शेर्पा, प्रेमलाल महर्जन, आकृति रायमाझी र करुणाकर मल्लिकले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन, बैंकिङ्ग, इन्स्योरेन्स र नवउद्यमी लगायत विभिन्न क्षेत्रबाट छनोट भएका २९ जना व्यक्ति/सस्थाहरूलाई अवार्ड प्रदान गरिएको छ ।

उद्योगी व्यवसायीसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सबै वाणिज्य तथा विकास बैंक, जीवन तथा निर्जीवन बीमा कम्पनीका उच्च पदस्थ अधिकारीहरू र विभिन्न क्षेत्रबाट प्रतिनिधित्व रहनेगरी २०० जना भन्दा बढीको सहभागिता रहेको उक्त 'कर्पोरेट बिजनेश अवार्ड, २०२४' कार्यक्रममा यस मञ्जुश्री फाइनान्स लिमिटेडलाई कर्पोरेट बिजनेश एक्सिलेन्सि अवार्ड अन्तर्गत 'बेस्ट फाइनान्स अफ द इयर' अवार्ड प्रदान




गरिएको छ । अवार्ड यस फाइनान्सका प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनालाई हस्तान्तरण गरिएको थियो ।

## नेप्सेमा ७० अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमबार सकारात्मक सर्किट लागेर कारोबार समय अगावै बन्द भएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक ७० दशमलव ३१ अंकले घटेर दुई हजार सात दशमलव ६९ को बिन्दुमा कायम भएको हो ।

सोमबार एकैदिन परिसूचक एक सय १७ दशमलव ७० अंक अर्थात् छ प्रतिशतले बढेको थियो । उच्च अंकको वृद्धिपछि लगानीकर्ता नाफा बुकमा लाग्दा बजार घटेको हो । तीन सय छ कम्पनीको एक करोड १४ लाख ६७ हजार पाँच सय ९९ कित्ता ६९ हजार दुई सय आठ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ११ करोड ३६ लाख ७६ हजार नौ सय ५८ बराबरको कारोबार भएको छ । कारोबारमा दुई सय १३ कम्पनीको सेयर मूल्य घट्दा ३३ कम्पनीको मात्रै बढेको छ ।

नेप्से परिसूचकसँगै सेन्सेटिभ इन्डेक्स तीन दशमलव २४ र फ्लोट इन्डेक्स तीन दशमलव ३७ प्रतिशतले घटेको छ । म्युचुअल फन्ड शून्य दशमलव ६६ प्रतिशतले बढ्दा अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक चार दशमलव ३५ प्रतिशतले घटेको छ ।

त्यस्तै, जलविद्युत् समूह चार दशमलव ३० र उत्पादन तथा प्रशोधन चार दशमलव २० ले घटेको छ । बैंकिङ तीन दशमलव ०१, विकास बैंक तीन दशमलव ६५, वित्त दुई दशमलव ७५, होटल तथा पर्यटन तीन दशमलव ६९ र लगानी समूह तीन दशमलव ४८ प्रतिशतले घटेको छ ।

त्यसैगरी, जीवन बीमा समूह तीन दशमलव ४९, लघुवित्त एक दशमलव २७, निर्जीवन बीमा समूह दुई दशमलव ६० र व्यापार समूह दुई दशमलव १५ प्रतिशतले घटेको छ । गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मुल्य सबैभन्दा धेरै आठ दशमलव ७३ प्रतिशतले बढेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ भने जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्य नौ दशमलव ९९ र बोटलर्स नेपाल (तराई) को सेयर मूल्य नौ दशमलव ४५ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएको सेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको रू ४१ करोड ९१ लाख २२ हजार सात सय ३५ बराबरको आठ लाख ५० हजार चार सय ६४ कित्ता सेयर किनबेच भएको छ ।

**अग्निसाईर कृष्णासवरन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सितापुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**अग्निसाईर कृष्णासवरन गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईंको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

**शम्भुनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**
**मधेस प्रदेश, नेपाल**

**नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ